# प्रदेश राजपत्र

प्रदेश नं. ३ प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ३) हेटौंडा, मकवानपुर, भदौ १९ गते, २०७६ साल (अतिरिक्ताङ्क १७

## भाग १

प्रदेश सरकार

प्रदेश नं. ३, हेटौंडा

## आन्तरिक मामिला तथा कानून मन्त्रालयको

**सूचना**

प्रदेश नं. ३ को प्रदेश सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

संवत् २०७६ सालको ऐन नं.१३

# प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७५ लाई संशोधन गर्न बनेको ऐन

**प्रस्तावनाः** प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

प्रदेश सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "प्रदेश सवारी तथा यातायात (पहिलो संशोधन) ऐन, २०७६" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७५ को दफा २ मा संशोधनः** प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७५ (यस पछि "मूल ऐन" भनिएको) को दफा २ को,-

(क) खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छः-

"(क) अधिकार प्राप्त अधिकारी" भन्नाले यातायात व्यवस्था कार्यालय सवारी, यातायात व्यवस्था कार्यालय सवारी चालक अनुमतिपत्र, यातायात व्यवस्था सेवा कार्यालय र यस ऐन अन्तर्गतका अन्य कार्यालयका प्रमुख सम्झनुपर्छ।"

(ख) खण्ड (क) पछि देहायको खण्ड (क१.) थपिएको छः-

"(क१.) "कार्यालय" भन्नाले यातायात व्यवस्था कार्यालय सवारी, यातायात व्यवस्था कार्यालय सवारी चालक अनुमतिपत्र, यातायात व्यवस्था सेवा कार्यालय

सम्झनुपर्छ र सो शब्दले यस ऐन अन्तर्गतका अन्य कार्यालय समेतलाई जनाउँछ।"

३. **<u>मूल ऐनको दफा १२ मा संशोधन</u>**: मूल ऐनको दफा १२ को उपदफा (१) मा सुरुमा रहेको "विदेशी" भन्ने शब्द झिकिएको छ।

४. **<u>मूल ऐनको दफा १४ मा संशोधन</u>**: मूल ऐनको दफा १४ को उपदफा (१) मा रहेको "स्वामित्व रहेको संगठित संस्थाको" भन्ने शब्दहरु झिकिएका छन्।

५. **<u>मूल ऐनको दफा १५ मा संशोधन</u>**: मूल ऐनको दफा १५ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छ :-

"(१) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारको पूर्ण,अधिकांश वा आंशिक स्वामित्व भएको संगठित संस्थाको नाममा दर्ता भई दर्ताको प्रमाणपत्र प्राप्त सवारी साधनलाई संस्थानको सवारी साधन भनिनेछ।"

६. **<u>मूल ऐनको दफा १९ मा संशोधन</u>**: दफा १९ को,-

(क) उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांशमा रहेको "अस्थायी" भन्ने शब्द झिकिएको छ।

(ख) उपदफा (४) को दर्ता अगाडी "शुरु" भन्ने शब्द थपिएको छ।

(ग) उपदफा (५) झिकिएको छ।

(घ) उपदफा (६) मा उल्लिखित "उपदफा (५)" भन्ने शब्दको सट्टा "सवारी दर्ता सम्बन्धी" भन्ने शब्दहरु राखिएका छन्।

७. **<u>मूल ऐनको दफा २७ मा संशोधन</u>**: मूल ऐनको दफा २७ मा रहेको “दफा १८, २० वा २५” भन्ने शब्द तथा अङ्कको सट्टा “दफा १८ वा २०” भन्ने शब्द तथा अङ्क राखिएको छ।

८. **<u>मूल ऐनको दफा ३१ मा संशोधन</u>**: मूल ऐनको दफा ३१ को प्रतिवन्धात्मक वाक्यांश हटाइएको छ।

९. **<u>मूल ऐनको दफा ३९ मा संशोधन</u>**: मूल ऐनको दफा ३९ मा रहेको "नयाँ" भन्ने शब्द झिकिएको छ।

१०. **<u>मूल ऐनको दफा ४३ मा संशोधन</u>**: मूल ऐनको दफा ४३ को,-

(क) उपदफा (२) मा रहेका "मन्त्रालयको सहमति लिई" भन्ने शब्दहरु झिकिएका छन्।

(ख) उपदफा (२) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छ :-

"तर सवारी निर्माता कम्पनीले सवारीको बनोट सम्बन्धमा निर्धारण गरेको विस्तृत विवरण (स्पेसिफिकेशन) मा परिवर्तन गर्ने गरी स्वीकृति दिइने छैन।"

(ग) उपदफा (४) मा देहायको "प्रतिबन्धात्मक" वाक्यांश थपिएको छ :-

" तर शुरु दर्ता भएको मितिले सात वर्ष पूरा भएका सवारी साधनलाई रुपान्तरण गर्ने गरी स्वीकृति दिइने छैन ।"

(घ) उपदफा (४) पछि देहायको उपदफा (५) थपिएको छ :-

"(५) यस दफा बमोजिम सवारीको रङ्ग, सिट सङ्ख्या वा स्वरुप परिवर्तन सम्बन्धी अन्य विवरण(स्पेसिफिकेसन) तोकिए बमोजिम हुनेछ।"

**११.** **<u>मूल ऐनको दफा ४५ मा संशोधनः</u>** मूल ऐनको दफा ४५ को उपदफा (१) को खण्ड (ग) झिकिएको छ।

**१२.** **<u>मूल ऐनको दफा ४७ मा संशोधनः</u>** मूल ऐनको दफा ४७ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छ :-

"(१) दर्ताको प्रमाणपत्र च्यातिएमा र झुत्रो भै नबुझिने भएमा सो भए गरेको मितिले पन्ध्र दिन भित्र सवारी धनीले अधिकार प्राप्त अधिकारी समक्ष सो को प्रतिलिपि संलग्न गरी तोकिएको ढाँचामा तोकिएको दस्तुर सहित निवेदन दिनु पर्नेछ।

तर दर्ता प्रमाणपत्र हराएमा वा अन्य कुनै कारणवस नासिएमा नजिकको ट्राफिक प्रहरी कार्यालयको सिफारिस सहित निवेदन दिनु पर्नेछ।"

१३. **<u>मूल ऐनको दफा ५१ मा संशोधन</u>**: मूल ऐनको दफा ५१ को उपदफा (१) को,-

(क) खण्ड (क) मा रहेको "पच्चीस" भन्ने शब्दको सट्टा "एक्काइस" भन्ने शब्द राखिएको छ।

(ख) खण्ड (ख) मा रहेको "बाईस" भन्ने शब्दको सट्टा "अठार" भन्ने शब्द राखिएको छ।

(ग) खण्ड (ग) मा रहेको "अठार" भन्ने शब्दको सट्टा "सोह्र" भन्ने शब्द राखिएको छ।

१४. **<u>मूल ऐनको दफा ६० मा संशोधन</u>**: मूल ऐनको दफा ६० को,-

(क) उपदफा (१) मा रहेको "म्याद" भन्ने शब्द पछि "नाघेको नब्बे दिन" भन्ने शब्दहरु थपिएका छन्।

(ख) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छ :-

"(२) उपदफा (१) बमोजिम म्याद नाघी चालक अनुमतिपत्र नवीकरण गराउन आउने चालकबाट नवीकरण दस्तुरको अतिरिक्त सो म्याद नाघेको एक वर्षसम्म एक सय प्रतिशत, दुई वर्षसम्म दुई सय प्रतिशत, तीन वर्षसम्म तीन सय प्रतिशत, चार वर्षसम्म चार सय प्रतिशत र पाँच वर्षसम्म पाँच सय प्रतिशत थप दस्तुर समेत लिई नवीकरण गर्नु पर्नेछ।"

(ग) उपदफा (४) मा रहेको "दश" भन्ने शब्दको सट्टा "पाँच" भन्ने शब्द राखिएको छ।

१५. **मूल ऐनको दफा ६६ मा संशोधन**: दफा ६६ को उपदफा (१) मा रहेको "पैतीस" भन्ने शब्दको सट्टा "पन्ध्र" भन्ने शब्द राखिएको र "चालकले" भन्ने शब्दको पछि "ट्राफिक प्रहरी कार्यालयको सिफारिसपत्र सहित" भन्ने शब्दहरु थपिएका छन्।

१६. **मूल ऐनको दफा ८५ मा संशोधन**: मूल ऐनको दफा ८५ को "ढाँचामा" भन्ने शब्द पछि रहेका "जाँचपास गरेको मितिले सात दिनभित्र" भन्ने शब्दहरु थपिएका छन्।

१७. **मूल ऐनको दफा ८६ मा संशोधन**: मूल ऐनको दफा ८६ को,-

(क) उपदफा (१) मा रहेका "प्रदेशमा मात्र सञ्चालन गर्न सकिने गरी" भन्ने शब्दहरु झिकिएका छन्।

(ख) उपदफा (१) मा देहायको प्रतिवन्धात्मक वाक्याँश थपिएको छ :-

"तर एक प्रदेशबाट अर्को प्रदेशमा सञ्चालन हुने सवारीको लागि अर्को प्रदेशको सम्बन्धित यातायात व्यवस्था कार्यालयको सहमति लिइ मार्ग इजाजतपत्र दिन सकिनेछ।"

(ग) उपदफा (४) मा उल्लिखित "एक वर्षसम्म" भन्ने शब्दको सट्टा "छ महिना" भन्ने शब्दहरु राखिएका छन्।

१८. **<u>मूल ऐन दफा ८९ मा संशोधन</u>**: मूल ऐनको दफा ८९ को,-

(क) उपदफा (१) मा रहेका "तापनि कुनै" भन्ने शब्दहरु पछि "मालवाहक" भन्ने शब्द थपिएको र "यातायात" भन्ने शब्दको सट्टा "ढुवानी" भन्ने शब्द राखिएको छ।

(ख) उपदफा (१) मा उल्लिखित "व्यवस्थापन समितिसँग परामर्श गरी" भन्ने शब्दहरु झिकिएका छन्।

१९. **<u>मूल ऐनको दफा ९२ मा संशोधन</u>**: मूल ऐनको दफा ९२ को,-

(क) उपदफा (१) मा रहेका "म्याद सकिनु भन्दा पन्ध्र दिन अगावै" भन्ने शब्दहरुको सट्टा "म्याद सकिएको पन्ध्र दिनभित्र" भन्ने शब्दहरु राखिएका छन्।

(ख) उपदफा (३) मा उल्लिखित "एक वर्षको" भन्ने शब्दहरुको सट्टा "छ महिनाको" भन्ने शब्दहरु राखिएका छन्।

२०. **<u>मूल ऐनको दफा ९३ मा संशोधन</u>**: मूल ऐनको दफा ९३ को,-

(क) दफा शीर्षकमा रहेको "रद्द" भन्ने शब्दको सट्टा "निलम्बन" भन्ने शब्द राखिएको छ।

(ख) उपदफा (१) मा रहेको "रद्द" भन्ने शब्दको सट्टा "निलम्बन" भन्ने शब्द राखिएको छ।

(ग) उपदफा (२) र (३) झिकिएका छन्।

२१. **<u>मूल ऐनको दफा ९४ मा संशोधनः</u>** मूल ऐनको दफा ९४ मा रहेका "रद्द भई अभिलेख कट्टा" भन्ने शब्दहरुको सट्टा "निलम्बन" भन्ने शब्द राखिएको र "अर्को" भन्ने शब्द झिकिएको छ।

२२. **<u>मूल ऐनको दफा ९८ मा संशोधनः</u>** मूल ऐनको दफा ९८ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छ :-

"(१) मार्ग इजाजतपत्र च्यातिएमा र झुत्रो भै नबुझिने भएमा सो भए गरेको मितिले पन्ध्र दिनभित्र सवारी धनी वा व्यवस्थापकले मार्ग इजाजतपत्रको लागि अधिकार प्राप्त अधिकारी समक्ष सो को प्रतिलिपि संलग्न राखी तोकिएको ढाँचामा तोकिएको दस्तुर सहित निवेदन दिनु पर्नेछ।

तर मार्ग इजाजतपत्र हराएमा वा अन्य कुनै कारणवस नासिएमा सो भए गरेको मितिले नजिकको ट्राफिक प्रहरी कार्यालयको सिफारिस सहित सात दिनभित्र निवेदन दिनु पर्नेछ।"

२३. **<u>मूल ऐनको दफा ९९ मा संशोधनः</u>** मूल ऐनको दफा ९९ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छ :-

"(१) कुनै पनि सार्वजनिक सवारी साधनले यस ऐन बमोजिम मार्ग इजाजतपत्र लिनु पूर्व देहाय बमोजिम सवारी साधन जाँचपास गराएको हुनु पर्नेछ :-

(क) तयारी सवारी साधन आयात भई सार्वजनिक सवारीको रुपमा दर्ता गरी नामसारी भएको मितिले सात दिनभित्र जाँच पास गराउनु पर्ने,

(ख) चेसिस आयात भई सवारी साधनको स्वरुप (बडी) बनाउनु पर्ने अवस्थाको सवारी साधन दर्ता भएको मितिले छ महिना भित्र सवारी साधनको स्वरुप (बडी) निर्माण गरी नामसारी गरिसक्नु पर्ने र नामसारी भएको मितिले सात दिनभित्र जाँचपास गराउनु पर्ने।"

२४. **<u>मूल ऐनमा दफा १०५क. थप</u>**: मूल ऐनमा देहायको दफा १०५क. थपिएको छ :-

"१०५क. <u>प्रदुषण जाँच नगराएमा हुने जरिवाना</u>: (१) यस ऐन बमोजिम प्रदुषण जाँच गरी दिएको स्टिकरको मान्यता अवधि समाप्त भएको सात दिनभित्र पुनः प्रदुषण जाँच गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको अवधि भित्र प्रदुषण जाँचपास नगराएमा देहाय बमोजिमको जरिवाना गरी पुनः प्रदुषण जाँच गर्नु पर्नेछ :-

(क) अवधि समाप्त भएको तीस दिन सम्म दोब्बर जरिवाना,

(ख) खण्ड (क) मा उल्लिखित अवधि नाघेमा थप एक हजार रुपैया देखि दुई हजार रुपैया सम्म जरिवाना"

२५. **<u>मूल ऐनको दफा १०७ मा संशोधन</u>** : मूल ऐनको दफा १०७ को,-

(क) उपदफा (१), (२) र (३) मा रहेको "मन्त्रालय" भन्ने शब्दको सट्टा "कार्यालय" भन्ने शब्द राखिएको छ।

(ख) उपदफा (५) पछि देहायको उपदफा “(६), (७) र (८)” थपिएका छन् :-

“(६) यातायात सेवाको नाम एक पटक पञ्जीकरण भै सकेपछि सोहि पञ्जिकृत यातायात सेवामा सवारी साधन थप गर्न चाहेमा अधिकार प्राप्त अधिकारीले प्रत्येक सवारी साधनको लागि तोकिए वमोजिमको दस्तुर लिई सवारी साधन थप गर्न सक्नेछ।"

"(७) उपदफा (६) वमोजिम पञ्जिकृत यातायात सेवामा सवारी साधन थप गर्दा त्यस्ता कम्पनीको क्षमता र पूँजीको अनुपात मिल्ने गरी कम्पनीको पूँजी वृद्धि गरी सो को निस्सा पेश गर्नु पर्नेछ।"

“(८) उपदफा (७) बमोजिम कम्पनीको क्षमता र पूँजीको अनुपात सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।”

२६. <u>**मूल ऐनको दफा १०८ मा संशोधन :**</u> मूल ऐनको दफा १०८ को उपदफा (४) पछि देहायको उपदफा (५) थपिएको छ :-

"(५) उपदफा (४) वमोजिमको समयावधि भित्र नवीकरण नगरेमा उपदफा (४) मा उल्लिखित दस्तुरका अतिरिक्त प्रत्येक

वर्षको शत प्रतिशतका दरले थप दस्तुर लिई नविकरण गर्न सक्नेछ।"

२७. **<u>मूल ऐनको दफा ११४ मा संशोधन</u>**: मूल ऐनको दफा ११४ मा भएको "निजले तोकेको व्यक्ति" भन्ने शब्दहरुको सट्टा "नजिकको ट्राफिक प्रहरी कार्यालय" भन्ने शब्दहरु राखिएका छन्।

२८. **<u>मूल ऐनको दफा ११९ मा संशोधन</u>**: मूल ऐनको दफा ११९ को दफा शीर्षकको सट्टा देहायको दफा शीर्षक राखी देहाय बमोजिम संशोधन गरिएको छ :-

"११९ <u>टिकट नदिई यात्रा गराउन प्रतिवन्ध</u>: कुनै पनि व्यक्तिलाई सवारी साधनमा यात्रा गराउँदा यात्रुको नाम, थर, ठेगाना र गन्तव्य सहितको विवरण आधिकारिक टिकटमा नखुलाई यात्रा गराउनु हुँदैन।"

२९. **<u>मूल ऐनको दफा १२६ मा संशोधन</u>**: मूल ऐनको दफा १२६ मा भएको "यातायात व्यवसायी संघको कार्यालयमा" भन्ने शब्दहरुको सट्टा "नजिकको प्रहरी कार्यालयमा" भन्ने शब्दहरु राखिएका छन्।

३०. **<u>मूल ऐनको दफा १३५ मा संशोधन</u>**: मूल ऐनको दफा १३५ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

"(१) चालकले सवारी चलाउँदा यात्री, पैदल यात्री र ट्राफिक सङ्केतको पालन गरी सवारी चलाउनु पर्नेछ।"

३१. **<u>मूल ऐनको दफा १५६ मा संशोधन</u>**: मूल ऐनको दफा १५६ को उपदफा (१) मा भएको "सार्वजनिक सडक" भन्ने शब्दहरुको सट्टा "सार्वजनिक सडकमा" भन्ने शब्दहरु राखिएका छन्।

३२. **<u>मूल ऐनको दफा १५७ मा संशोधन</u>**: मूल ऐनको दफा १५७ मा रहेको "सो सडकको" भन्ने शब्दहरु पछि "बाँया" भन्ने शब्द थपिएको छ।

३३. **<u>मूल ऐनको दफा १६८ मा संशोधन</u>**: मूल ऐनको दफा १६८ को उपदफा (१) मा "यात्रा गर्ने" भन्ने शब्दहरु पछि "यात्रुको" भन्ने शब्द थपिएको छ।

३४. **<u>मूल ऐनको दफा १७६ मा संशोधन</u>**: मुल एनको दफा १७६ को सट्टा देहायको दफा १७६ राखिएको छः-

"१७६. <u>जरिबाना गर्न सक्ने</u>: दफा १७३ बमोजिमको म्याद भित्र सवारी साधन करको रकम दाखिल नगरेमा अधिकार प्राप्त अधिकारीले देहाय बमोजिम जरिबाना गर्नेछः-

(क) दाखिल गर्नु पर्ने म्याद नाघेको पहिलो तीस दिनसम्मलाई सवारी साधन कर रकमको पाँच प्रतिशतका दरले,

(ख) त्यस पछिको पैंतालीस दिनसम्मलाई सवारी साधन कर रकमको दश प्रतिशतका दरले,

(ग) त्यसपछि सो आर्थिक वर्षको अन्तसम्मलाई सवारी साधन कर रकमको बीस प्रतिशतका दरले,

(घ) त्यसपछिको पाँच वर्षसम्म प्रत्येक आर्थिक वर्षका लागि सवारी साधन कर रकमको बत्तीस प्रतिशतका दरले।

३५. **मूल ऐनको दफा १७७ मा संशोधनः** मूल ऐनको दफा १७७ को,-

(क) उपदफा (१) मा रहेको "दस्तुर" भन्ने शब्दको सट्टा "सवारी साधन कर" भन्ने शब्द राखिएको छ।

(ख) उपदफा (४) मा रहेको "करदाताले" भन्ने शब्दहरुको पछि "सो अवधि सम्म" भन्ने शब्दहरु राखिएका छन्।

३६. **मूल ऐनको दफा १८३ मा संशोधनः** मूल ऐनको दफा १८३ मा रहेको "अधिकार" भन्ने शब्दको सट्टा "अधिकारीले" भन्ने शब्द राखिएको छ।

३७. **मूल ऐनको दफा १८७ मा संशोधनः** मूल ऐनको दफा १८७ को खण्ड (ग) को शुरुमा "सम्बन्धित" भन्ने शब्द थपिएको छ।

३८. **मूल ऐनको दफा १८८ मा संशोधनः** मूल ऐनको दफा १८८ को,-

(क) उपदफा (१) को खण्ड (ख) मा रहेको "प्रहरी निरीक्षक" भन्ने शब्दहरुको सट्टा "प्रतिनिधि" भन्ने शब्द राखिएको छ ।

(ख) खण्ड (ग) को सट्टा देहाएको खण्ड (ग) राखिएको छ :-

"(ग) कार्यालयले तोकेको प्राविधिक विशेषज्ञ - सदस्य"

(ग) उपदफा (२) मा "प्रदान गर्न" भन्ने शब्दहरु पछि "बहुमत सदस्यहरुको निर्णयको आधारमा" भन्ने शब्दहरु थपिएका छन् ।

३९. **<u>मूल ऐनको दफा १९३ मा संशोधन</u>:** मूल ऐनको दफा १९३ को दफा शीर्षकमा रहेको "पञ्जीकृत गर्नु" भन्ने शब्दहरुको सट्टा "अनुमति लिनु" भन्ने शब्दहरु राखिएको छ।

४०. **<u>मूल ऐनको दफा १९४ मा संशोधन</u>:** मूल ऐनको दफा १९४ को,-

(क) उपदफा (२) को,-

(१)खण्ड (क) मा उल्लिखित दफाहरु "१७, ४९ वा १३१" को सट्टा दफाहरु "१७, ४९, १०७ वा १३१" राखिएका छन्।

(२)खण्ड (ख) मा उल्लिखित दफा "८४" को सट्टा दफा "९९" राखिएको छ।

(ख) उपदफा (८) मा उल्लिखित "सजाय गरी सवारी चालक अनुमती पत्र र सवारी साधनको इजाजत पत्र खारेज गर्नेछ" भन्ने शब्दहरुको सट्टा "सजाय गर्न सक्नेछ" भन्ने शब्दहरु राखिएको छ।

४१. **<u>मूल ऐनको दफा १९९ मा संशोधनः</u>** मूल ऐनको दफा १९९ को,-

(क) दफा शीर्षकमा रहेको "यातायात निरीक्षक वा प्रहरीले" भन्ने शब्दहरुको सट्टा "अधिकार प्राप्त अधिकारी वा प्रहरीले" भन्ने शब्दहरु राखिएका छन्।

(ख) उपदफा (१) मा रहेका "यातायात निरीक्षक वा घटीमा प्रहरी सहायक निरीक्षक दर्जा सम्मको अधिकृतले" भन्ने शब्दहरुको सट्टा "अधिकार प्राप्त अधिकारी वा घटीमा प्रहरी सहायक निरीक्षक दर्जा सम्मको अधिकृतले" भन्ने शब्दहरु राखिएका छन्।

(ग) उपदफा (३) मा रहेका "यातायात निरीक्षक वा प्रहरीले" भन्ने शब्दहरुको सट्टा "अधिकार प्राप्त अधिकारी वा निजले अधिकार प्रत्यायोजन गरेको अधिकारी वा प्रहरीले" भन्ने शब्दहरु राखिएका छन्।

(घ) उपदफा (४) मा रहेका "तत्काल घटनास्थलमा घटीमा सहायक प्रहरी निरीक्षक दर्जासम्मको अधिकृत नभएमा पनि घटनास्थलमा रहेको कुनै पनि प्रहरी जवानले" भन्ने शब्दहरुको सट्टा "अधिकार प्राप्त अधिकारी वा निजले अधिकार प्रत्यायोजन गरेको अधिकारी वा घटनास्थलमा रहेको कुनै प्रहरीले" भन्ने शब्दहरु राखिएका छन्।

४२. **मूल ऐनको दफा २०६ मा संशोधनः** मूल ऐनको दफा २०६ को उपदफा (१) को "सवारी" भन्ने शब्द पछि “साधनहरु यस ऐन र प्रचलित कानून बमोजिम” भन्ने शब्दहरु थपिएका छन्।

४३. **मूल ऐनको अनुसूची– २ मा संशोधनः** मूल ऐनको अनुसूची–२ को (ङ) को शुरुमा “सरकारी स्वामित्व भएको” भन्ने शब्दहरु थपिएका छन्।

४४. **मूल ऐनको अनुसूची-३ मा संशोधनः** मूल ऐनको अनुसूची-३ को नामसारी अन्तर्गत रहेको "चेसिस नम्बर ........" भन्ने शब्द तथा सङ्केतहरु पछि "इन्जिन नम्बर......." भन्ने शब्द तथा सङ्केतहरु थपिएका छन्।

४५. **मूल ऐनको अनुसूची-४ मा संशोधनः** मूल ऐनको अनुसूची-४ मा रहेका "भौतिक पूर्वधार विकास मन्त्रालय" भन्ने शब्दहरुको मुनि "...........यातायात व्यवस्था कार्यालय" भन्ने सङ्केत तथा शब्दहरु थपिएका छन्।

४६. **मूल ऐनको अनुसूची-६ मा संशोधनः** मूल ऐनको अनुसूची-६ मा "भौतिक पूर्वधार विकास मन्त्रालय" भन्ने शब्दहरुको मुनि "...............कार्यालय" भन्ने सङ्केत तथा शब्द र परिचालक अनुमति पत्रको वर्ग अन्तर्गत "(घ) अन्य" भन्ने वर्ग थपिएका छन्।

४७. **मूल ऐनको अनुसूची-७ मा संशोधनः** मूल ऐनको अनुसूची-७ मा भएको "चेसिसको लम्वाई" भन्ने शब्दहरुको सट्टा "चेसिस नम्बर" भन्ने शब्दहरु राखिएका छन्।

४८. **मूल ऐनको अनुसूची- ८ मा संशोधनः** मूल ऐनको अनुसूची–८ मा रहेको भौतिक पूर्वधार विकास मन्त्रालय" भन्ने शब्दहरुको मुनि "........... कार्यालय" भन्ने सङ्केत तथा शब्द र सोही अनुसूचीमा उल्लिखित "सचिव" भन्ने शब्दको सट्टा "कार्यालय प्रमुख" भन्ने शब्दहरु राखिएका छन्।

**प्रमाणिकरण मिति २०७६।०५।१९**

**आज्ञाले,**
**विनोद प्रकाश सिंह**
**प्रदेश सरकारको सचिव**



आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. ३, हेटौंडामा मुद्रित।
मूल्य रु.१०।-